# बाल बालिकाहरुका रोजगारी –सम्बन्धी नियमको लागि निर्देशन

श्रम निरीक्षण डिभिजन
श्रम विभाग
हङकङ

A Concise Guide to the Employment of Children Regulations (Nepali - Nepal version)

बिषय सुची

पृष्ठ

परिचय ........................................१

बाल-बालिकाको परिभाषा...............................१

बाल-बालिकाको रोजगारीमा भएको सामान्य निषेध.........१

१३ वर्ष पुगिससेका अनि फर्म ३ पूरा गरिसकेका
बाल-बालिकाको रोजगारी................................२

१३ वर्ष पुगिससेका तर फर्म ३ पूरा नगरेका
बाल-बालिकाको रोजगारी................................२

विद्यालय हाजिरी प्रमाण पत्र..............................३

रोजगारदाताले राख्न पर्ने दस्तावेजहरु ......................३

बाल मनोंरजकर्ताको रोजगारी ........................४

दोष अनि जरिमाना......................................४

अरु रोजगारीको सुरक्षा...................................४

सोधपुछ अनि गुनासो ...................................४

१

## परिचय

रोजगार नियम (शिर्षक ५७) अर्न्तगत बनिएको बाल बालिकाको रोजगारी सम्बन्धी नियम अनुसार औध्योगिक ब्यवसायहरुमा बाल बालिकालाई रोजगारी दिन निषेध गरिएको छ । गैर औध्योगिक ब्यवसायहरुमा बाल रोजगारीलाई नियंत्रणमा राखिन्छ । जसबाट ती बाल बालिकाहरुका पढाइमा कुनै असर पर्न नजाओस भन्ने हेतुले रोजगारदाताहरुलाई उनीहरुका बैधानिक दायित्वमा समभ्रुदारी ल्याइदिन साथै बाल बालिकालाई रोजगारीको सामान्य अवस्थाहरुको सम्बन्धमा उनीहरुका बैधानिक अधिकारको ज्ञात गराउन यस पथ निर्देशनले सो नियमहरुका मुख्य विषयलाई साधारण तौरमा त्यसको संक्षिप्त वर्णन गरिदिने छ ।

## बाल-बालिकाको परिभाषा

रोजगारी नियम अर्न्तगत १५ वर्ष ननाघेका ब्यक्तिलाई बाल-बालिकाको संज्ञा दिइन्छ ।

## बाल-बालिकाको रोजगारीमा लागु गरिएका सामान्य निषेध

कुनै पनि व्यक्तिले कुनै पनि औध्योगिक व्यवसायमा बाल-बालिकालाई रोजगारी दिलाउन सकिन्न । १३ वर्ष भन्दा मुनिका उमेर भएका बाल-बालिकालाई त झन सबै आर्थिक क्षेत्रहरुमा रोजगारी उपलब्ध गराउन निषेध छ । १३ वर्ष पुगिसकेका अथवा त्यो भन्दा माथिको उमेर भएका बाल-बालिकालाई सायद अनौध्योगिक प्रतिष्ठानहरुमा रोजगारी दिन सकिन्छ, यस्ता अवस्थाहरुमा कि उनीहरु पूरा दिनको विद्यालयमा हाजिरी छ, जसले माध्यमिक शिक्षा स्तर अथवा फर्म ३ पूरा गरेको छैन । यस विषयमा निम्न पंक्तिहरुमा विस्तृत गरिएको छ ।

कुनै पनि बाल बालिका कुनै व्यवसायिक स्थानमा ज्यालामा होस अथवा ज्यालामा नहोस काम गर्दछ भने उसले रोजगारी गरेको मानिलिइन्छ ।

बाल प्रशिक्षण नियम (शिर्षक ४) अर्न्तगत दर्ता गरिएका बाल बालिकाको सम्बन्धमा बाल रोजगारी नियमहरु लागु गरिन्दैन ।

## १३ वर्ष पुगिसकेका अनि फर्म ३ पूरा गरिसकेका बाल- बालिकाहरुका रोजगारी

एउटा बालक, जसको उमेर १३ वर्ष पुगिसकेको छ अनि १५ वर्ष ननाघेको छ, जसले फर्म ३ पूरा गरिसकेको छ, त्यस बालकलाई निम्न बाधा गरिए बापत अनौध्योगिक प्रतिष्ठानहरुमा रोजगारी दिन सक्ने प्रावधान छ ।

क) बालकका माता पिताले बालकले चाहेको रोजगारदातालाई बालकले पूरा गरिसकेको फर्म ३ को प्रमाण पत्र पेश गर्नुपर्छ ।

ख) माता पिताले बालकको रोजगारीको निम्ति उसको रोजगारदातालाई लिखित रुपमा सहमती भएको जनाउन पर्दछ ।

ग) <u>निम्न कुराहरुमा उसलाई रोजगारी दिलाउन हुन्न ।</u>

१) बिहानीको ७ बज्न भन्दा अघि तथा बेलुकीको ७ बजे पछि,

२) कुनै दिन ८ घन्टा भन्दा बढि,

३) कुनै बिश्रामबिना लगातार ५ घन्टासम्म काम, भोजन तथा बिश्रामको समय १ घन्टाभन्दा कम,

४) १८ किलो भन्दा बढी वजन भएको भारी उठाउनका लागी ।

## १३ वर्ष पुगिससेका तर फर्म ३ पूरा नगरेका बाल- बालिकाको रोजगारी

उपरोक्त अवस्थाहरुमा थप गर्दै १३ वर्ष पुगिसकेका तर फर्म ३ पूरा नगरेका बाल बालिकाको रोजगारीमा अरु अवरोधहरु लगु गरिएको छ ।

क) बालकका माता पिताले बालकले चाहेको रोजगारदातालाई बालकसंग सम्बन्धित मान्यता प्राप्त बिद्यालयको हाजिरी प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

ख) <u>बाल बालिकालाई निम्न अवधिका लागि रोजगारी दिइने छैन ।</u>

१। बिद्यालयमा कक्षा संचालन भइरहेको समय,

२। बिद्यालय चालु रहेको अवधिमा निम्न घन्टाहरु भन्दा बढी भएमा,

- कुनै पनि विद्यालय गएको दिनको २ घन्टा अथवा
- अरु कुनै दिनहरुमा ४ घन्टा ।

३। गर्मी मौसमको बिदाको समयमा ८ घन्टा भन्दा बढी भएमा,

४। निम्न निषेध पेशा वा स्थानमा,

- जहाँ बिषालु मादक पदार्थको बेच बिखन र खपत गरिन्छ ।
- सार्वजनिक स्थानमा जहाँ सर सामानहरुको बेच बिखन मनाही छ ।
- घातक हात हतियार र सामानहरुको आदान प्रदान गरिन्छ ।
- काटने, पिस्ने, बेढ्ने, च्याप्ने तथा कुच्च्यउने, यस्ता क्रिया समावेश भएका खतरा पूर्ण मेसिनहरु उपयोग गरिने ।
- कुनै नृत्यशाला, बिलियार्ड (दर्षीष्बिचम), सेलुन वा जुवाखानामा ।
- कुनै सार्वजनिक मनोंरजन स्थानमा, तर लाम उदेश्य नभएका स्थान बाहेक ।
- कुनै होटलको भान्सा घरमा, बोर्डि[a] हाउसमा, तैयारी खानाको पसल, क्याफे तथा रेस्टुरेन्ट जस्ता स्थानमा ।
- बाहिरी झयाल, जो जमिन भन्दा ३ मिटर माथि छ ।
- कसाइखानामा वा काट–मार गर्ने स्थानमा ।
- कुनै हेयर ड्रेसि[a],(सेलुन) वा मसाज पारलोरमा ।

## विद्यालय हाजिरी प्रमाण त्र

विद्यालय हाजिरी प्रमाण  पत्र त्यो दस्तावेज हो जसलाई विद्यालयका प्रमुखले जारी गरिदिएको हुन्छ । जसबाट सो रोजगारदाताले बालक विद्यालयमा हाजिर भएको छ भन्ने कुरोको प्रमाण दिलाउँछ । जब एकजना बालकलाई रोजगारी दिलाएको हुन्छ तव उसको माता पिताले सो प्रमाण पत्रको लागि विद्यालय प्रमुखलाई दर्खास्त गर्नुपर्छ ।

## रोजगारदाताले राख्न पर्ने दस्तावेजहरु

बाल बालिकाको रोजगारदाताले आफनो प्रत्येक रोजगारकर्तासंग सम्बन्धित म्नि दस्तावेजहरुलाई आफुसंग राख्नपर्छ साथै श्रम विभागका श्रम निरिक्षकले निरक्षण गर्दा उसलाई पेश गरिदिनु पर्छ ।

क) बाल बालिकाको रोजगारी प्रति उसको माता पिताको लिखित सहमती पत्र ।

ख) बालकले फर्म ३ पूरा गरेको प्रमाण पत्र तथा विद्यालय हाजिरी भएको प्रमाण पत्र(अथवा यसको प्रतिलिपि), अनि

ग) बालकको रोजगारदाताको आलेख(चभअयचम) **(Form LD319)**

## बाल मनोंरजनकर्ताको रोजगारी

कला अनि तालिमका विकाशका लागि श्रम कमिश्नरले जुनै पनि उमेरका बाल बालिकालाई एक मनोंरजकको रुपमा रोजगारी दिने विशेष स्वीकृति प्रदान गर्दछ । तर कमिश्नरले संभवत निश्चित गरिदिएका केही अवरोधहरुको बिचार गरिने शर्तमा । बाल मनोंरजकर्तालाई रोजगारी दिने उदेश्य भएको खण्डमा सो रोजगारदाताले रोजगारी दिनु अघि कमिश्नरलाई लिखित रुपमा आफनो दर्खास्त पेश गर्नु पर्नेछ । विवरणको लागि "बाल मनोंरजनकर्ताहरुको रोजगारीको मार्ग निर्देशन" लाई निर्दिष्ट गरिन्छ ।

## दोष अनि जरिमाना

कुनै पनि व्यक्तिले बाल बालिकाको रोजगारी सम्बन्धित नियमको कुनै पनि विषयको उल्लंघन गर्दछ भने सो व्यक्ति अपराधको भागी हुनेछ अनि कानूनी रुपले दोषी ठहरिएमा उसलाई ह**a**क**a** डलर १०,००० देखि ५०,००० सम्म जरिमाना लाग्नेछ ।

## अरु रोजगारीको सुरक्षा

यस रोजगारी नियम अर्न्तगतका नियमहरु बाल बालिका रोजगारकर्तामा पनि लागु हुन आउँछ । विवरणको लागि रोजगारी नियमको मार्ग निर्देशन लाई निर्दिष्ट गरिन्छ ।

## सोधपुछ अनि गुनासो

बाल रोजगारीको नियम सम्बन्धि जानकारी लिन परे सोधपुछ हट लाइन नम्बर २७१७१७७१ मा सम्पर्क गर्न सकिन्छ ।.1823 Call Centre लाइनको प्रबन्ध गरेको छ । साथै श्रम विभागको होमपेज http://www.labour.gov.hk मार्फत पनि जानकारी प्राप्त गर्न सकिन्छ ।
हाम्रो २४ घन्टा खुल्ला रहने हट् लाइन नम्बर २८१५ २२०० अथवा श्रम निरिक्षण डिभिजन, श्रम विभाग, **17/F Harbour building, 38 Pier Road, Central, Hong Kong** मा प्रत्यक्ष रुपले गुनासो गर्न सकिन्छ । सबै गुनासोहरुलाई कडा विश्वासका साथ व्यवहार गरिनेछ ।